स्थानीय सरकार
Local Government

# गौर नगरपालिका
## Gaur Municipality
## नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
(आन्तरिक प्रशासन शाखा)

गौर,रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल
MadheshProvince,Nepal

पत्र संख्या/Ref.No.: २०८१/०८२
चलानी न/Dispatch No. 2291

मिति/Date:वि.सं.२०८२/०३/२३
ने.सं. ११४५ दिल्लाथ्व, १२ सोमवार

## आ.व. २०८१/०८२ को सम्पति विवरण बुझाउने सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मितिः २०८२/०३/२३ गते)

श्री सम्पूर्ण जनप्रतिनिधिज्यूहरु,
श्री स्थानीय सेवा तर्फ कार्यरत सम्पूर्ण कर्मचारीहरु,
गौर नगरपालिका, रौतहट ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा(१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा ऐन, २०४९ को दफा ५४ एवम् निजामती सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको पदाधिकारीले त्यस्तो पदधारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित निकायमा बुझाउनु पर्ने व्यवस्था भएको तथा दर्ता हुन आएका सम्पत्ति विवरणलाई राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा अनलाईन प्रविष्टी गरी सकल खामवन्दी सम्पति विवरण फाराम प्रदेश मुख्यमन्त्रीको कार्यालयमा समेत बुझाउनु पर्ने भएकोमा यस नगरपालिकाका जनप्रतिनिधि तथा स्थानीय सेवा तर्फ कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी/करार/ज्यालादारी) ले आ.व. २०८१/०८२ को सम्पति विवरण फाराम भरी खाम बाहिर तपसिलको विवरण उल्लेख गरी यस कार्यालयमा मिति २०८२ साल साउन मसान्त भित्र पेश प्रशासन शाखा पेश गरी अनलाईन प्रविधिमा इन्ट्री गराई दर्ता नं. प्राप्त गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सम्पति विवरण फाराम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

| विवरण पेश गर्नेको | | विवरण दर्ता गर्नेको |
|---|---|---|
| आ.व. २०८१/०८२ को सम्पति विवरण फाराम | | गौर नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>गौर, रौतहट<br>मधेश प्रदेश, नेपाल |
| १. नाम,थरः | ४. कार्यरत शाखाः | |
| २. कर्मचारीको संकेत नं. | ५. मोवाईल नं.: | |
| ३. पद/दर्जाः | ६. ईमेल ठेगानाः | |
| ७. दर्ता नं.: | ८. दर्ता मिति | |
| ९. इन्ट्री गर्ने कर्मचारी | | |

सुभाष कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत